त्रिभुवन विश्वविद्यालय

# केन्द्रीय पुस्तकालय

कीर्तिपुर, काठमाडौं, नेपाल


पत्र संख्या १४४४/०८२/०८३

मिति : २०८२।१२।१५

श्री त्रि.वि.का सम्पूर्ण डीन कार्यालयहरु, क्याम्पस/कलेजहरु तथा अन्य निकायहरु

**विषय:प्लेजारिजम परीक्षण सम्बन्धमा।**

उपरोक्त विषयका सम्बन्धमा एण्टी प्लेजारिजम परीक्षण सफ्टवेयर व्यवस्थापन तथा संञ्चालन सम्बन्धी विनियम २०८२, त्रि.वि. कार्यकारी परिषद्को मिति २०८२ फागुन २६ गतेको बैठकको निर्णय नं. ३६३ अनुसार संशोधन भएकाले सोहि आफ्नो निकायमा प्लेजारिजम परीक्षण गर्नु / गराउनु हुनका लागि विनियमको संशोधित भाग यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गर्दछु।

.................................

सागर राज सुवेदी

प्रमुख

त्रिभुवन विश्वविद्यालय
# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय
कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.नं.: ८६४० | ०८२/०८३

चैत ५, २०८२

श्री केन्द्रीय पुस्तकालय,
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर।

विषय : निर्णय पठाईएको बारे।

त्रिभुवन विश्वविद्यालय कार्यकारी परिषद्को २०८२ फागुन २६ गतेको बैठकको निर्णय नं.३६३ त्यस महाशाखा/कार्यालय/निर्देशनालयसँग सम्बन्धित भएकोले आवश्यक कार्यार्थ पठाइएको बेहोरा अनुरोध गर्दछु। सम्बन्धित फाइल संलग्न छ/छैन।

नबिन्द्र प्रसाद भण्डारी
प्रमुख

**निर्णय नं. ३६३**

त्रिभुवन विश्वविद्यालयको अनुसन्धान कार्यमा मौलिकता ल्याउने उद्देश्यका साथ अन्य अनलाइन स्रोतबाट हुनसक्ने बौद्धिक चोरीलाई निरुत्साहित गर्नका लागि त्रिभुवन विश्वविद्यालयमा सन् २०२१ देखि एण्टी प्लेजारिजम सफ्टवेयर प्रयोगमा ल्याइएको र उक्त सफ्टवेयर प्रयोगमा सहजिकरण तथा एकरुपता ल्याउनका लागि त्रि.वि. एण्टी प्लेजारिजम परीक्षण सफ्टवेयर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० (संशोधन सहित) अनुसार सम्बन्धित निकायहरूबाट प्लेजारिजम परीक्षण कार्य हुँदै आइरहेकोमा उक्त विनियममा केही संशोधन गर्नको त्रि.वि.पुस्तकालय विशेष समितिको मिति २०८२ पुस २५ गते बसेको बैठकको निर्णयानुसार त्रि.वि. केन्द्रीय पुस्तकालयको प्रस्ताव उपर छलफल हुँदा त्रि.वि. एण्टी प्लेजारिजम परीक्षण सफ्टवयेर व्यवस्थापन तथा सञ्चालन सम्बन्धी विनियम, २०८० मा संशोधन गरी देहाय अनुसार स्वीकृत गर्ने निर्णय गरियो।

| विनियममा भएको हालको व्यवस्था | संशोधन । थप | कारण |
|---|---|---|
| १०. प्लेजारिजम परीक्षण नगरिने उपशीर्षकः (१) विनियम ८ को उपविनियम (१) बमोजिम परीक्षण गर्दा डकुमेन्ट ढाँचा अनुसार कृतज्ञता ज्ञापन | १०. प्लेजारिजम परीक्षण गरिने नगरिने उपशीर्षकः (१) विनियम ८ को उपविनियम (१) बमोजिम परीक्षण गर्दा डकुमेन्ट ढाँचा अनुसार शीर्षक पृष्ठ (Title Page), सारांश (Abstract), परिचय (Introduction), साहित्य समीक्षा | थप व्याख्या गर्नुपर्ने देखिएकोले |

त्रिभुवन विश्वविद्यालय

# त्रि.वि. सभा तथा कार्यकारी परिषद्को सचिवालय

कीर्तिपुर, काठमाडौं, नेपाल

प.सं.स.का.प.च.न.:

| | | |
|---|---|---|
| (Acknowledgement), संक्षिप्त शब्दसूची (List of abbreviations), विषयसूची (Table of contents); मन्तव्य (Foreword), उद्धरण (Quote), सन्दर्भ ग्रन्थसूची (Bibliography, References), फ्रेज (Phrase), दश शब्दसम्मको साधारण म्याच (Small Matches up to 10 words) लाई परीक्षण गरिने छैन। | (Literature Review), शोध विधि (Research Methodology), तथ्याङ्क विश्लेषण (Data Analysis), नतिजा तथा छलफल (Results and Discussion), उपसंहार तथा निष्कर्ष (Summary and Conclusions) जस्ता मुख्य शीर्षकहरूलाई मात्र एक फाईल बनाई समानता सूची परीक्षण गरिने छ। | |
| (२) कुनै पनि अध्ययन संस्थान-सङ्काय, क्याम्पस, विभाग, अनुसन्धान केन्द्र, तथा निकायहरूले उपविनियम १ भन्दा नबढ्ने गरी आफू मातहतका निकायहरूमा मात्र लागु हुने गरी प्लेजारिजम परीक्षण नगरिने (Exclude) उपशीर्षकहरू तथा परीक्षणको विधि निर्धारण गर्न सक्नेछन्। | (२) प्लेजारिजम परीक्षण गर्दा डकुमेन्ट ढाँचा अनुसार कृतज्ञता ज्ञापन (Acknowledgement), संक्षिप्त शब्दसूची (List of abbreviations), विषयसूची (Table of contents), मन्तव्य (Foreword), उद्धरण (Quote), सन्दर्भ ग्रन्थसूची (Bibliography References), फ्रेज (Phrase), दश शब्दसम्मको साधारण म्याच (Small Matches up to 10 words) लाई परीक्षण गरिने छैन। | थप व्याख्या गर्नुपर्ने देखिएकोले |
| ३) प्लेजारिजम परीक्षणका क्रममा Artificial Intelligence (AI) Detected Content भेटिएमा त्यस्ता डकुमेन्टहरू स्वीकार नहुन सक्नेछ । AI Detected स्वीकार युक्त तह तोकिए अनुसार हुनेछ | (३) प्लेजारिजम परीक्षणका क्रममा विशेष गरी AI Detected हुन नसकेको अवस्थामा शोधपत्रहरूको हकमा शोधकर्ताको मौलिकता झल्किने खण्डहरू तथ्याङ्क विश्लेषण (Data Analysis), नतिजा तथा छलफल (Results and Discussion), उपसंहार र निष्कर्ष (Summary and Conclusions) शीर्षकलाई मात्र प्राथमिकतामा राखि एउटा फाईल बनाई पुनः कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence) परीक्षण गरिनेछ ।<br>(४) प्लेजारिजम परीक्षणका क्रममा Artificial Intelligence (AI) Detected Content भेटिएमा त्यस्ता डकुमेन्टहरू स्वीकार नहुन सक्नेछ । AI Detected तह सबै प्रकारका प्राज्ञिक दस्तावेजहरूको सीमा (Threshold) २० प्रतिशतभन्दा कम हुनु पर्ने छ। | थप व्याख्या गर्नुपर्ने देखिएकोले |

त्रि.वि.सभा तथा कार्यकारी परिषद्

Tel.: 4331838, E-mail: chief.ec@tu.edu.np, info.ec@tu.edu.np, P.O.Box No. 8212